प्रधानमन्त्री

काठमाडौं, नेपाल

## शुभकामना सन्देश

सर्वप्रथम नववर्ष २०८० को शुभ-अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

नेपाल भौगोलिक रुपमा सानो राष्ट्र भएता पनि प्राकृतिक र सांस्कृतिक विविधतामा सम्पन्न छ। नेपालमा रहेका वन्यजन्तु, वनस्पति र जैविक विविधताको संरक्षण, व्यवस्थापन र सदुपयोग गर्ने तथा राष्ट्रिय समृद्धिमा टेवा पुऱ्याउने उद्देश्यले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले विगत ५० वर्षदेखि वन्यजन्तु संरक्षण कार्य गर्दै आएको छ। वन्यजन्तु र जैविक विविधता संरक्षणप्रति जनचेतना जगाउने तथा स्थानीय समुदायको क्षमता विकास गर्ने उद्देश्यका साथ विभागले विगत २८ वर्षदेखि वन्यजन्तु सप्ताह मनाउँदै आएको र यसवर्ष **समन्वय, सहकार्य र सह-अस्तित्त्वः वन्यजन्तु संरक्षण हाम्रो साझा दायित्व** भन्ने मूल नाराका साथ देशभर विविध चेतनामूलक कार्यक्रमको आयोजना गरी वन्यजन्तु सप्ताह मनाउने कार्यक्रम रहेको छ। यसमा सबैको सहयोग र सहकार्यका लागि हार्दिक आव्हान गर्दछु। साथै, वैशाख १ गतेदेखि ७ गतेसम्म आयोजना हुने २८ औं वन्यजन्तु सप्ताहको पूर्ण सफलताको कामना गर्दछु।

वन्यजन्तु, वनस्पति र जैविक विविधता नेपालका अमूल्य साझा सम्पत्ति भएको हुँदा यिनको संरक्षण र दिगो सदुपयोग गर्नु हामी सबैको साझा दायित्त्व हो। नेपालका संरक्षित क्षेत्र स्वदेशी र विदेशी पर्यटकको लागि आकर्षक गन्तव्यस्थल भएको हुँदा पर्यापर्यटन प्रवर्द्धन मार्फत राष्ट्रको आर्थिक समृद्धिमा टेवा पुऱ्याउन प्रशस्त सम्भावना रहेको छ। त्यसैगरी, विकास र वातावरणबीच समन्वय गरेर दिगो विकासका लक्ष्य प्राप्त गर्नमा पनि संरक्षित क्षेत्रको विशेष योगदान रहेको छ।

नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, स्थानीय समुदाय, सुरक्षा निकाय र संरक्षण साझेदार संस्थाहरूको सामूहिक प्रयासको परिणामस्वरूप नेपालमा बाघ र गैंडा लगायतका वन्यजन्तुको संख्या बढेको र अन्तर्राष्ट्रिय समुदायमा नेपालको छवी उच्च र फराकिलो बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याएको हुँदा राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग र त्यहाँ कार्यरत कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

हाम्रा अथक प्रयासका बावजुद वातावरणीय प्रभाव अध्ययनविना गरिने भौतिक पूर्वाधार विकास, मानव-वन्यजन्तु द्वन्द्व, वन्यजन्तुको अपराध र जलवायुजन्य जोखिम दिनप्रतिदिन बढ्दो छ। जैविक विविधताको दिगो संरक्षण र व्यवस्थापनका लागि वन्यजन्तुबाट हुनसक्ने धनजनको क्षति तथा खेतीबाली र पशुधनको सुरक्षालाई विशेष ध्यान दिनुपर्ने हुन्छ।

प्रधानमन्त्री

काठमाडौं, नेपाल

आगामी दिनमा वन्यजन्तुको वासस्थान व्यवस्थापनलाई प्रभाकारी बनाउन, स्थानीय समुदायमा रोजगारी तथा आम्दानीका अवसरहरू सिर्जना गर्न र मानव-वन्यजन्तुबीच सह-अस्तित्व कायम रहने गरी विशेष संरक्षणका कार्यहरू अगाडि बढाउनुपर्ने हुन्छ। त्यसका लागि प्रकृतिमा आधारित पर्यटनको प्रवर्द्धन र आर्थिक उपार्जनको केन्द्रको रूपमा संरक्षित क्षेत्रलाई विकास गर्नुपर्ने हुन्छ। संरक्षित क्षेत्रमा संचित भएको कार्बन मापन मार्फत थप आयआर्जनका स्रोतहरू खोज्न समेत म हार्दिक अनुरोध गर्दछु।

अन्त्यमा, जैविक विविधता राष्ट्रको साझा सम्पत्ति भएको र सबैको साझा प्रयासले मात्र यसको संरक्षण हुने हुँदा यस पवित्र कार्यमा सहयोग र सहकार्य गर्नका लागि तीन तहका सरकार, स्थानीय समुदाय, सुरक्षा निकाय र निजी क्षेत्रलाई हार्दिक आव्हान गर्दै २८ औं वन्यजन्तु सप्ताहको पूर्ण सफलताको कामना गर्दछु।

पुष्प कमल दाहाल 'प्रचण्ड'
प्रधानमन्त्री
तथा
वन तथा वातावरण मन्त्री

१ बैशाख, २०८०